# वित्तीय जानकारी इकाई (FIU-Nepal) र धितोपत्र क्षेत्रका सूचक संस्थाहरु बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईको आयोजनामा मिति २०८० जेष्ठ १२ गते धुम्बाराही, काठमाडौं स्थित अकामा होटलमा धितोपत्र क्षेत्रका नियामक निकाय तथा सूचक संस्थाहरुका कार्यान्वयन अधिकारीहरुको सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडियस एण्ड क्लियरिङ्ग लिमिटेड, मर्चेन्ट बैंक र धितोपत्र दलाल व्यवसायीका कार्यान्वयन अधिकारीहरु तथा सम्बन्धित कर्मचारीहरुको सहभागिता रहेको थियो ।




नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठको प्रमुख आतिथ्यतामा आयोजना गरिएको उक्त कार्यक्रममा उहाँले धितोपत्र व्यवसायीहरुले AML/CFT को विषयलाई गम्भीरताका साथ लिँदै goAML System मा आबद्ध भई प्रभावकारी रिपोर्टिङ्गका लागि सक्रियता देखाउन सबै सूचक संस्थाहरुहरुलाई निर्देशन दिनुभयो । त्यसका लागि आवश्यक पर्ने सक्रियताका लागि बोर्ड सदैव तयार रहेको मन्तव्य व्यक्त गर्नुभयो ।

कार्यक्रममा इकाई प्रमुख/निर्देशक दीर्घ बहादुर रावलले अपराध र आतङ्कवाद मुक्त समाज निर्माण गर्न सबै सरोकारवाला निकायहरुको सक्रिय भूमिका आवश्यक रहेको व्यहोरा उल्लेख गर्नुभयो । उहाँले आपराधिक आर्जनलाई शुद्धीकरण गर्ने माध्यमको रुपमा धितोपत्र क्षेत्रलाई दुरुपयोग गर्न नसक्ने गरी संस्थाहरुलाई सवल बनाउनु पर्ने धारणा व्यक्त गर्दै सूचक संस्थाहरुलाई वित्तीय जानकारी इकाईले प्रयोगमा ल्याएको goAML System को Production Environment मा आवद्ध भई रिपोटिङ्ग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल धितोपत्र दलाल संघका अध्यक्ष धर्मराज सापकोटाले सम्पुर्ण धितोपत्र दलाल व्यवसायीहरुलाई यथाशीघ्र goAML System मा आबद्ध गर्न संघ प्रतिबद्ध रहेको कुरा व्यक्त गर्दै त्यसका लागि सम्पुर्ण व्यवसायीहरुलाई आवश्यक सहयोग र सहकार्य गर्न संघ तयार रहेको मन्तव्य व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा इकाईका उप-निर्देशक केशव प्रसाद रिमालले 'goAML Reporting' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा इकाईकै सहायक (सू.प्र.) विवेश पोखरेलले 'Live Reporting in goAML (Technical Session)' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।








अन्तरक्रियाका क्रममा सहभागिहरुले AML/CFT सम्वन्धी समसामयिक विषय तथा goAML reporting गर्दा आइपर्ने समस्याहरुका सम्वन्धमा राखेका जिज्ञासा उपर इकाई प्रमुख दीर्घ बहादुर रावल लगायत कार्यपत्र प्रस्तुतकर्ताहरुबाट सम्वोधन भएको थियो । मन्तव्यका क्रममा इकाईका उप-निर्देशक विष्णु प्रसाद गुरागाँईले सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै goAML Reporting लाई प्रभावकारी बनाउन आइपर्ने समस्याको समाधानका लागि इकाई सदैव तत्पर रहेको विचार व्यक्त गर्नुभयो। कार्यक्रमलाई इकाईका सहायक निर्देशक किशोर महराले सञ्चालन गर्नुभएको थियो ।